**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०३ जून २०२४

समयः १८:५० - १९:०० बजे

**प्रमुख समाचार**

१. भोलि हुने मतगणनाका लागि सबै तयारी पूरा भएको छ। मतगणना बिहान ८ बजेदेखि सुरु हुनेछ।

२. मुख्य निर्वाचन अधिकारी राजीव कुमारले लोकसभा चुनावमा ६४ करोडभन्दा अधिक मतदाताले भाग लिएर विश्व कीर्तिमान कायम गरेको बताउनु भएको छ।

३. पश्चिम बङ्गालमा मतगणना अघि हिसाको माहोल हुने अनुमान गर्दै निर्वाचन आयोगले केन्द्रीय सशस्त्र सीमा बलका ४०० कम्पनीलाई १९ जुनसम्म कायम राख्ने निर्णय गरेको छ।

४. दार्जिलिङको सिमावर्ती रिम्बिक लोधोमा समष्टि स्थित निप्पोन मिनि हाइड्रोपावर कम्पनीका कर्मचारीहरुको असयोग आन्दोलन जारी

५. मिरिक डुप्टिन निवासी नेपाली साहित्यकाशका एक अग्रज साहित्यकार पूर्ण बान्तवाको हिज निधन

**मतगणना २**

भोलि हुने मतगणनाका लागि सबै तयारी पूरा भएको छ। मतगणना बिहान ८ बजेदेखि सुरु हुनेछ। यसैबीच बिभिन्न राजनैतिक दलहरुले आ आफ्नो समिक्षा वैठक गरेका छन। निर्वाचन आयोगका अनुसार मतगणनाको रुझान र नतिजा आयोगको वेबसाइट तमेनसजेण्मबपण्हवअण्पद र मतदाता हेल्पलाइन एपमा पनि उपलब्ध हुनेछ।

****** ० ******

**सीईसी - प्रेस कान्फ्रेंस**

मुख्य निर्वाचन अधिकारी राजीव कुमारले लोकसभा चुनावमा ६४ करोडभन्दा अधिक मतदाताले भाग लिएर विश्व कीर्तिमान कायम गरेको बताउनु भएको छ। नयाँ दिल्लीमा आज आयोजित पत्रकार सम्मेलनमा कुमारले भन्नुभयोए ष्यो अमेरिकाए बेलायतए फ्रान्सए जर्मनीए इटालीए जापान र क्यानडामा रहेका जी–७ का मतदाताको संख्याभन्दा डेढ गुणा अधिक हो जसमा ३१ करोडभन्दा धेरै महिला मतदाताले मतदान गरेको छन।

****** ० ******

**भाजपा बैठक**

लोकसभा चुनावको मतगणना अघि भारतीय जनता पार्टीका अध्यक्ष जगतप्रकाश नड्डाले मतगणनाका लागि पार्टीको तयारीबारे छलफल गर्न आज पार्टीका नेताहरुसँग बैठक गर्नुभएको छ। बैठकमा केन्द्रीय मन्त्री एवं भाजपाका वरिष्ठ नेता अमित शाहए पार्टी महासचिव बीएल सन्तोष र विनोद तावडे लगायतको सहभागीता रहेको थियो। नयाँ दिल्लीमा बैठकपछि पत्रकारहरूसँग कुरा गर्दै विनोद तावडेले पार्टीका नेताहरूले भोली हुने मतगणनाको तयारीबारे छलफल गरेको बताउनु भयो।

****** ० ******

**पुनमतदान**

पश्चिम बङ्गालको बारासात र मथुरापुर लोकसभा निर्वाचन क्षेत्रका दुई मतदान केन्द्रमा पुनः मतदान आज शान्तिपूर्ण सम्पन्न भएको छ । यी दुवै निर्वाचन क्षेत्रमा सातौं चरणमा १ जुनमा मतदान भएको थियो । निर्वाचन अधिकारीए जिल्ला निर्वाचन अधिकारी र सम्बन्धित पर्यवेक्षकको रिपोर्टको आधारमा पुनःमतदान गर्ने निर्णय गरिएको हो

***** ० ******

**मतगणना**

लोकसभा चुनाउको मतगणना भोली 4 बिहान 8 बजीदेखि सुरू हुनेछ। गत 26 अप्रेलको दिन दार्जिलिङ लोकसभा आसनमा दोस्रो चरणमा शान्तिपूर्ण ढंगमा चुनाउ भएको थियो। चुनाउपछि ईभीएम मेसिनलाई स्ट्रङग रूममा कठोर सुरक्षा व्यवस्थाबीच राखिएको थियो। मतगणनाको अन्तिम तयारी सिलगढी कलेजमा चलिरहेको छ। कलेज परिसरमा माईक, सीसी क्यामेराको व्यवस्था गरिएको छ। यसको साथै साधरण मानिसहरूलाई प्रवेश गर्नमा रोक लगाइएको छ। सम्पूर्ण कलेज परिसरलाई नै सुरक्षाको घेरोमा राखिएको छ। मतगणना शान्तिपूर्ण ढङ्गमा सम्पन्न गराउनका लागि प्रशासनको तर्फबाट कठोर सुरक्षा व्यवस्था अप्नाइएको छ। यसैगरी भोली हुने मतगणनाको निम्ती दार्जिलींगमा पनि कडा सुरक्षा अपनाईको छ

****** ० ******

**चुनावी हिंसा**

चुनावी हिंसापछी पश्चिम बङ्गालमा मतगणना अघि पुन हिसाको माहोल हुने अनुमान गरिएको छ भने राज्यका धेरै भागमा बम फेला परेको छ । यसै क्रममा मुर्शिदाबादको रानीनगरमा सोमबार ताजा बम फेला परेको थियो भने बीरभूमको दुबराजपुरमा प्लास्टिकको झोलाले भरिएको बाल्टिमा २५ वटा बम फेला परेको थियो। यसले गर्दा आम जनमानसमा मंगलबारको चुनाव परिणाम पछि यस क्षेत्रमा हिंसा फैलन सक्छ कि भन्ने डर पैदा भएको छ। गत विधानसभा चुनावको परिणामपछि राज्यका विभिन्न भागमा हिंसाको स्थिति सिर्जना भएको थियो भने विभिन्न राजनीतिक दलका कार्यकर्ता र समर्थकहरू मारिएका थिए।

****** ० ******

**सशस्त्र सीमा बल**

चुनावपछिको हिंसाको डरले निर्वाचन आयोगले पश्चिम बङ्गालमा केन्द्रीय सशस्त्र प्रहरी बल (सीएपीएफ) का ४०० कम्पनीलाई १९ जुनसम्म कायम राख्ने निर्णय गरेको छ। लोकसभा चुनावको नतिजाभोली सार्वजनिक गरिने भएको छ । सुरुमा मतगणना भएको दुई दिनपछि जुन ६ सम्ममा ४०० कम्पनीलाई राज्यमा राख्ने निर्णय गरिएको थियो । यद्यपि पश्चिम बङ्गालका मुख्य निर्वाचन अधिकारीले चुनावपछि ठूलो मात्रामा हिंसाको सम्भावनालाई इंगित गर्ने रिपोर्टहरूलाई ध्यानमा राख्दै अन्ततः राज्यमा सीएपीएफको तैनाती १९जुन सम्म बढाउने निर्णय गरेको छ। यी ४०० कम्पनीमध्ये ११५ कम्पनी सीआरपीएफए ११८ बीएसएफए ७१ कम्पनी सीआईएसएफ)ए ६० कम्पनी एस एस बी र ३६ कम्पनी (आईटीबीपी) का हुनेछन् ।

****** ० ******

**हुगली**

हुगली जिल्लामा प्रशासनले चुनावपछिको हिंसा रोक्न पहल गरेको छ । हुगली जिल्लाका धेरै क्षेत्रमा मंगलबारदेखि अर्थात् मतगणनाको दिनबाट धारा १४४ जारी गरिनेछ। हुगली जिल्लाका धेरै ब्लकहरूमा लगभग ७२ घण्टाको लागि धारा १४४ जारी गरिएको छ। पुलिस स्रोतका अनुसार गत निर्वाचनका बेला केही क्षेत्रबाट निर्वाचनपछि हिंसा प्रकासमा आएको थियो। ती सबै क्षेत्रको पहिचान भइसकेको छ । यसपछि पुलिसले चुनावपछिको हिंसा रोक्नका लागि धारा १४४ जारी गर्न विभागका शासकलाई अपिल गरेको थियोए जसका कारण हुगली जिल्लाका धेरै क्षेत्रमा मंगलबार बिहान ५ बजेदेखि जुन ६ मा साँझ ६ बजेसम्म धारा १४४ जारी गरिएको छ । प्राप्त जानकारी अनुसार हुगलीका तारकेश्वरए जंगीपाडाए चण्डीटालाए मोगराए बालागढए खानाकुलए गोघाट ब्लक लगायतका विभिन्न क्षेत्रमा मंगलबार बिहानदेखि धारा १४४ जारी भइरहेको छ ।

****** ० ******

**प्रधानमंत्री . करुणानिधि**

प्रधानमन्त्री नरेन्द्र मोदीले तमिलनाडुका पूर्व मुख्यमन्त्री करुणानिधिको १०० औँ जन्मजयन्तीका अवसरमा श्रद्धाञ्जलि अर्पण गर्नुभएको छ। सामाजिक सञ्जाल मार्फत उहाँले श्आफ्नो लामो जनसेवाको क्रममा करुणानिधिले तमिलनाडुका जनता र राज्यको विकासका लागि काम गरेका बताउदै छ उनको विद्वतापूर्ण स्वभावका कारण आफूले सदैव सम्मान गरेको बताउनु भयो।

****** ० ******

**निप्पोन**

दार्जिलिङ जिल्लाको सिमावर्ती रिम्बिक लोधोमा समष्टि स्थित निप्पोन मिनि हाइड्रोपावर कम्पनीका कर्मचारीहरु अहिलेघरी विभिन्न मागलाई लिएर असयोग आन्दोलन छन भने उनीहरूको आन्दोलन ३४ दिन नागिसक्दा पनि कुनैपनि ठोस निर्णय आउन सकेको छैन यद्यपि आन्दोलनलाई साथ तथा सहयोग दिन विभिन्न राजनीति दलका प्रतिनिधिसगै सामाजिक कार्यकर्ताहरु अघि आएका छन यसै क्रममा आज भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा नारी तथा युवा शक्तिका प्रतिनिधिहरुले स्थलगत भ्रमण गरि यश आन्दोलनलाई गम्भीरतापुर्वक लिन जीटीए कार्यपाल तथा क्षेत्रीय सभासदलाई अनुरोध गरेका छन्। अर्कोतिर गोर्खा जनमुक्ति मोर्चाको श्रमिक सगाठन जुस्लो पनि कर्मचारीहरु न्यायमा अधि आएका छन्।

****** ० ******

**पूर्ण बान्तवा-निधन**

मिरिक डुप्टिन निवासी नेपाली साहित्यकाशका एक अग्रज साहित्यकार पूर्ण बान्तवाको हिज निधन भयो भने उहाँको अन्तिम संस्कार आज गरियो।बान्तवा दार्जिलिङ्गे साहित्यकाशका एक ससक्त सर्जक थिए। जसले घाइते समय र उद्बोधनका धूनहरू,पूर्ण बान्तवाका कथाहरू कृतिहरू प्रकाशित छन भने उहाँको विविध पत्र पत्रिकाहरू तिर ६० को दशकदेखि रचनाहरू प्रकाशित छन्। पेशाले लेप्चा गाउँ प्राथमिक पाठशालाका आवकास प्राप्त प्रधान अध्यापकए नाटकार एसमाजसेवीए डुप्टिन ग्राम पञ्चायतका भूतपूर्व प्रधानएएक धार्मिक व्यक्तित्व आकाशवाणी खरसाङका एक अनुमोदित गीतकार पनि थिए। मिरिकको हाम्रो डुप्टिन पत्रिका परिवारका अभिभावक/संरक्षक अनि मिरिक साहित्य सुनौँका उपाध्याक्ष समेत रहेका स्व. बान्तवाको निधनमा हाम्रो डुप्टिन पत्रिका परिवार अनि साहित्य सुनौँ परिवारले गहिरो शोक प्रकट गरेका छन्।

****** ० ******

**एथलेटिक्स टेक्निकल**

गत ३१ मईदेखि 2 जूनसम्म दार्जीलिङ सरकारी हाई स्कूलमा तीनदिने एथलेटिक्स टेक्निकल अफिसियलहरूको कार्यशाला एवम् परीक्षा सम्पन्न भयो। दृष्टि खेलकूद संघको तत्वावधान अनि पश्चिम बंगाल एथलेटिक्स एसोसिएसनको सञ्चालनमा सम्पन्न कार्यशाला जलपाइगढ़ी कलेजका फिजिकल एजुकेसन हेड डिपार्टमेन्ट डा. भूषण अधिकारीए इन्डिया टेक्निकल अफिसियलए वर्ल्ड एथलेटिक्सका सञ्जय घोषए पश्चिम बंगाल एथलेटिक्स एसोसिएसनका टेक्निकल अफिसियल सेक्रटरी उज्जलदास चौधरी अनि फेडेरेसन अफ टेक्निकल अफिसियल सुब्रो दिप्त गुहा आदिको निर्देशनमा गरिएको थियो। कार्यशालामा गेम्स एण्ड स्पोर्ट्स दार्जीलिङ जिल्लाका कार्यकारी भाइस प्रेसिडेन्ट अनुपहाङ सुब्बा अनि दार्जीलिङ जिल्ला फिजिकल एजुकेसन अफिसर नोएल लेप्चा मुख्य अतिथिका रूपमा उपस्थित थिए।

****** ० ******

**अधिवेशन**

एक कार्यक्रमको साथमा जोरबगलो सुकिया पोखरी खण्ड अन्तर्गत छोटा पुबोङ बस्ती छेत्री गाव ग्राम सेवक समाजको दुइ वर्षिय बार्षिक अधिवेशन भब्यताका साथ सम्पन्न गरियो। मदन थापाको अध्यक्षतामा सम्पन्न सभामा समाजका अतिथिहरुमा सुरेन्द्र

कुमार निरोलाए हेमन्त निरौलाए जिवन छेत्रीए नन्द कुमारी कटवाल अनि दिलमाया निरौला बिशेष रुपमा उपस्थित थिए भने आजको कार्यक्रममा पुरानो समिति विघटन गरि नयाँ कार्यकारी समितिको गठन गरियो।

****** ० ******

**वाईज्यू**

वाईज्यू राज संघ दार्जीलिङले स्थापनाको ४१ बर्ष पुरा गरेको अवसरमा संमान कार्यक्रमको आयोजना गरेको छ। स्थानीय रोज व्यक दार्जीलिङ स्थिति प्रणामी मन्दिरद्वारा सम्पन्न कार्यक्रममा दिव्यानन्द महाराज अनि माताजी जनिता प्रणामी प्रमुख रूपमा उपस्थित रहेको थिए भने विभिन्न शाखाबाट बैजुराजसघंका सदस्यहरुको बिशेश रूपमा उपस्थिति रहेको थियो। कार्यक्रममा संघलाई एलचालिस वसन्त पार गरेको खुसीमा विभिन्न नृत्य नाटक लगायत सम्बर्द्धना कार्यक्रम सम्पन्न गरियो। अर्कोतिर चारजना सस्थापक सदस्यहरु सगै पाँचजना बयोबृद्द नागरिकहरुलाई सम्मान गरेको छ संमान हुनेहरूमा मीरा ठकुरीए सरामती राई एगोपिमाय गुरुङ एरीता ठकुरी लगायत प्रमुख रहेका छन। आज मुख्य रूपमा दिव्यानन्द महाराज अनि माताजी जनिता प्रणामी मुख्य आथित्यमा रहेको थियो।

****** ० ******